आज मिति २०८०/०९/२० गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको १८ औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री ईश्वर नारायण मानन्धर................नगर प्रमुख

श्री कमला बस्नेत ........................नगर उपप्रमुख

श्री विशकसेन ढकाल ..............प्रमुख प्रशासकीय अधिकृत

श्री माधव थामी ...........................वडा अध्यक्ष भी.न.पा. १

श्री स्टालिन श्रेष्ठ ........................ ...वडा अध्यक्ष भी.न.पा. २

श्री हरिशरण शिवाकोटी ......... .....वडा अध्यक्ष भी.न.पा. ३

श्री तारानाथ चौलागाई ............. ... वडा अध्यक्ष भी.न.पा. ४

श्री बासु श्रेष्ठ ................ ...... .... वडा अध्यक्ष भी.न.पा. ५

श्री नविन कुमार लामा .................. वडा अध्यक्ष भी.न.पा. ६

श्री बिनोद तामाङ .. ............. ....... वडा अध्यक्ष भी.न.पा. ७

श्री काजी बुढाथोकी . .................... वडा अध्यक्ष भी.न.पा. ८

श्री हिमाल श्रेष्ठ ............................ वडा अध्यक्ष भी.न.पा. ९

श्री गोपाल बहादुर थामी .................. कार्यपालिका सदस्य

श्री मुना श्रेष्ठ ................................ कार्यपालिका सदस्य

श्री गोरे बहादुर सार्की .........................कार्यपालिका सदस्य

श्री मिना बिश्वकर्मा ............................कार्यपालिका सदस्य

श्री सुशिला थापा ........... ...................कार्यपालिका सदस्य

श्री खेम कुमारी श्रेष्ठ ..........................कार्यपालिका सदस्य

श्री भीम बहादुर भुजेल ............ ...... कार्यपालिका सदस्य

श्री किरण वली............................... कार्यपालिका सदस्य

श्री माधव प्रसाद सुवेदी ---- बैठक व्यवस्थापक

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठकका निर्णयहरु
मिति : २०८०/०९/२०

निर्णय नं. १ : यस नगरपालिकाको १७ औं कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २ : भीमेश्वर नगरपालिकाको चौथो नगर सभा (अधिवेशन) मिति २०८० साल पौष २७ गते बिहान ११:०० बजे भीमेश्वर सदनमा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस नगरपालिकाको तपसिल बमोजिमको विधयेक तयार गरी विधायन समितिमा पेश गर्न सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

क) भीमेश्वर नगरपालिकाको वातावरण तथा प्राकृतिक संरक्षण विधयेक, २०८०
ख) भीमेश्वर नगरपालिकाको वन विधयेक, २०८०
ग) भीमेश्वर नगरपालिकाको सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ (दोश्रो संशोधन, २०८०)

निर्णय नं. ४ : चरिकोट टुडिखेल/ भीमेश्वर रङ्गशालाको ठेक्काको म्याद अन्तिम पटकका लागि २०८० असोज मसान्तसम्म म्याद थप भएको, निर्माण व्यवसायीबाट कार्य सम्पन्न गरी भुक्तानीका लागि निवेदन पेश गरेकाले प्रचलित कानून बमोजिम म्याद थप गरी भुक्तानीको प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ : यस नगरपालिका वडा नं. ३ स्थित साविक जिल्ला पशु सेवा कार्यालयको हकभोगमा रहेको कि.नं. २९८५ क्षेत्रफल २२२० व.मी. भएको जग्गामा हाल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखा (साविक जिल्ला पशु सेवा कार्यालय)को भवन निर्माण गर्न नक्सापास प्रक्रियामा आएकोमा प्रस्तावित भवन निर्माण स्थल भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र भएकोले सो कार्यालयको हालको प्रवेशद्वार व्यस्त बजारको बीचमा रहेकोले उक्त प्रवेशद्वारबाट पशु चौपायाहरु ल्याई उपचार गर्न उपयुक्त हुने नदेखिएको तथा सो स्थल पर्यटकीय दृष्टिकोणले पनि अनुपयुक्त देखिएको हुँदा प्रस्तावित साइट प्लानमा देखाइएको भवन जिल्ला हुलाक कार्यालयतर्फको साइटमा निर्माण गर्न उपयुक्त हुने भएको र उक्त जग्गाको चरिकोट - दोलखा सडक खण्डसँग जोडिएको भागमा साना सवारी पार्किङ स्थलको रुपमा विकास गर्न उपयुक्त देखिएकोले प्रस्तावित साइट प्लानमा देखाइएको भवन उक्त कि.नं. को जिल्ला हुलाक कार्यालयतर्फ निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिका र द एसिया फाउन्डेसनको स्थानीय सरकार सवलीकरण कार्यक्रम (आर्थिक तथा प्राविधिक सहयोग)को साझेदारीमा तयार भएको नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan, MTMP) स्वीकृत गर्ने निर्णय गरियो । साथै द एसिया फाउन्डेसन/स्थानीय सरकार सवलीकरण कार्यक्रमलाई सो कार्यका लागि धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

विश्वकसेन ढकाल

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा, नेपाल

**निर्णय नं. ७ :** भीमेश्वर नगरपालिकालाई स्वच्छ सफा नगरपालिका बनाउन फोहरमैलालाई स्रोतमा नै छुट्याई नगरपालिकाले फोहरको बर्गीकरण पश्चात सरसफाई केन्द्रमा व्यवस्थापन गर्दै आएकोमा सेवा सुविधाको उपभोग गरी शुल्क तिर्न आनाकानी गर्ने लाभग्राहीहरुलाई नियमानुसार शुल्क भुक्तानी गर्न ७ (सात) दिनको समय सीमा तोकी पत्राचार गर्न र तत् पश्चात नियमित नहुने सदस्यहरुको अभिलेख राखी प्रचलित कानून बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखा, सिंहदरवार, काठमाडौंको च.नं. ३१, २०८०/०९/०५ को पत्रानुसार नवप्रवद्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनको लागि प्रतिवद्धता जनाउने, सो को लागि एक करोड रुपैयासम्मको लागि पच्चिस प्रतिशत रकम लागत साझेदारी गर्ने र नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सन्चालन कार्यविधि, २०८० को पूर्ण पालना गर्ने निर्णय गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवद्धता पत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुले कार्यालय कामको प्रयोजनका लागि प्रयोग गरिएका सवारी साधनको सामान्य मर्मत तथा ईन्धन वापतको सेवा सुविधा उपलव्ध गराउन देहाय बमोजिमको मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

कर्मचारीहरुको इन्धन र मर्मत सुविधाबापतको मापदण्ड, २०८०

भीमेश्वर नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरु कार्यालयको कामकाजको सिलसिलामा नगरपालिकाभित्र विभिन्न स्थलहरुमा सवारी साधन प्रयोग गरी आवतजावत गर्नुपर्ने भएकोले कार्यालयले कार्यालय प्रयोजनका लागि मोटरसाइकल वा स्कुटर उपलब्ध गराएको वा आफ्नै नाममा रहेको मोटरसाइकल वा स्कुटर कार्यालय प्रयोजनका लागि प्रयोग भएको र निज कर्मचारीसँग मोटरसाइकल वा स्कुटरको सवारी चालक अनुमति पत्र रहेको हकमा तपसिल बमोजिमका कर्मचारीहरुलाई देहाय बमोजिमको दरले इन्धनबापत मासिकरुपमा इन्धन कुपन र मर्मतबापत अर्धवार्षिकरुपमा नगद भुक्तानी गर्ने निर्णय गरियो ।

१) वडाको जिम्मेवारी तोकी र वडामा कार्यरत रहेका सिभिल प्राविधिकको हकमा प्रति वडा १ जना सिभिल प्राविधिकलाई वडा न. १ र ८ का लागि इन्धन मासिक १४ लिटर, वडा न. २, ५ र ७ का लागि इन्धन मासिक १२ लिटर, वडा न. ३, ४ र ६ का लागि इन्धन मासिक १० लिटर र वडा न. ९ का लागि इन्धन मासिक १६ लिटर र सवारी साधन मर्मतबापत वार्षिक रु. १२,०००/-

२) कार्यालयमा रही विभिन्न कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण, अनुगमन तथा सुपरिवेक्षणमा संलग्न सिभिल प्राविधिकका लागि इन्धन मासिक १० लिटर र सवारी साधन मर्मतबापत वार्षिक रु. १०,०००/-

३) वडाहरुको जिम्मेवारी तोकी र वडामा कार्यरत रहेका कृषि तथा पशुसेवा प्राविधिकको हकमा प्रति प्राविधिकका लागि इन्धन मासिक १० लिटर र सवारी साधन मर्मतबापत वार्षिक रु. १०,०००/-

४) वडा सचिवको हकमा प्रति वडा सचिवका लागि इन्धन मासिक १० लिटर र सवारी साधन मर्मतबापत वार्षिक रु. १०,०००/-

विशक... ढकाल
प्रमुख प्रशासकीय अधिकृत

५) नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको हकमा प्रति कर्मचारीका लागि इन्धन मासिक ५ लिटर र सवारी साधन मर्मतबापत वार्षिक रु. ६,०००/-

माथि उल्लिखित सुविधाका लागि कार्यालयले कार्यालय प्रयोजनका लागि मोटरसाइकल वा स्कुटर उपलब्ध गराएको भए कार्यालयको जिन्सी शाखाबाट मोटरसाइकल वा स्कुटर नम्बर खुलेको विवरण र मोटरसाइकल वा स्कुटरको सवारी चालक अनुमति पत्र साथै आफ्नै नाममा रहेको मोटरसाइकल वा स्कुटर कार्यालय प्रयोजनका लागि प्रयोग भएको भए मोटरसाइकल वा स्कुटरको ब्लु बुक र मोटरसाइकल वा स्कुटरको सवारी चालका अनुमति पत्र पेस गर्नुपर्ने छ ।

निर्णय नं. १० : दोलखा स्वास्थ्य चौकी र राम्पा शहरी स्वास्थ्य केन्द्रलाई चालु आ.व. २०८०/०८१ को ब.सि.नं. ९३ को स्वास्थ्य संस्था मर्मत सम्भार कार्यक्रमबाट स्वीकृत कार्यक्रममा विनियोजित रकम रु ५,००,०००/- (पाँच लाख) मध्येबाट स्वीकृत प्राविधिक लागत ईष्टीमेट बमोजिम रकम रु २,००,०००/- (दुई लाख) विनियोजन गरी मर्मत सम्भार गर्ने र बाँकी बजेट मध्येबाट किरातीछाप शहरी स्वास्थ्य केन्द्रको हालको भवनबाट शहरी स्वास्थ्य केन्द्रको भवनमा सार्न भौतिक पूर्वाधार सामाग्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : बागमती प्रदेश सरकारद्वारा हस्तान्तरित आयोजना अन्तर्गत चरंगे - अनाथालय लिफ्टिङ खानेपानी भीमेश्वर दोलखा आयोजनालाई सेतोढुंगा लिफ्ट खानेपानी आयोजना, किरातीछाप, भी.न.पा.५, दोलखा, आयोजनाको नाममा परिवर्तन गरिदिनको लागि खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेश, हेटौडालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : भीमेश्वर नगरपालिका र नगर विकास कोषबीच सातदोबाटो सपिङ कम्प्लेक्स (आयोजना कोड नं. 2231-UID-COL) निर्माणका लागि मिति २०७८ असार १४ गते ऋण सम्झौता भएको थियो । उक्त ऋण सम्झौताको बुँदा नं. २.२ मा वार्षिक ८ प्रतिशतका दरले ब्याजदर रहने व्यवस्था उल्लेख छ । हाल आयोजना सम्पन्न हुने क्रममा रहेको र आयोजना सम्पन्न पश्चात नगरपालिकाले व्यावसायिक उपयोग गर्ने योजना समेत तयार गरिरहेको छ । आयोजना अवस्थित चरिकोट बजारको व्यवसाय क्षेत्रमा हाल रहेको घट्दो अवस्था र आयोजनाले दिन सक्ने प्रतिफल अनुमान गर्दा तहाँ कोषको किस्ता (सावा र ब्याज) तिर्न पुग्ने देखिदैन तथा यस नगरपालिकाको आन्तरिक आयको अवस्था समेत न्यून भएकोले नियमित किस्ता भुक्तानीमा समस्या आउने देखिएकाले हाल रहेको ब्याज दरलाई संशोधन गरी ५ (पाँच) प्रतिशत कायम गरिदिन नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : भीमेश्वर नगरपालिकाको स्थानीय विकास कोष (स्थापना र सन्चालन) कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : यस नगरपालिकालाई बागमती प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान प्राप्त आयोजना सन्चालनका लागि कार्यविधि मस्यौदा तयार गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६

विशकर्ण ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठकका निर्णयहरु
मिति : २०८०/०९/२०

सदस्य श्री तारानाथ चौलागाईं, वडा अध्यक्ष, वडा नं.४
सदस्य श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २
सदस्य श्री बिनोद तामांग, वडा अध्यक्ष, वडा नं. ७
सदस्य श्री काजी बुढाथोकी, वडा अध्यक्ष, वडा नं. ८
सदस्य श्री जगदीश अर्याल, वरिष्ठ लेखा अधिकृत
सदस्य ई. श्री नारायण प्रसाद शिवाकोटी
सदस्य सचिव श्री बिष्णु प्रसाद चौलागाईं, प्रा.स., कृषि

**निर्णय नं. १५** : भीमेश्वर नगरपालिकाको नक्सापास अभिलेखीकरण कार्यविधि र दोलखा सम्पदा बस्तीको मापदण्ड, २०७३ संशोधन आवश्यक भएकोले अध्ययन गरी मस्यौदा पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल
संयोजक श्री तारानाथ चौलागाईं, वडा अध्यक्ष, वडा नं. ४
सदस्य श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २
सदस्य श्री हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३
सदस्य श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६
सदस्य श्री बिनोद तामांग, वडा अध्यक्ष, वडा नं. ७
सदस्य ई. सुरेश राउत, ईन्जिनियर
सदस्य श्री भविन्द्र थापा, सहायक ईन्जिनियर
सदस्य श्री सुजता खतिवडा, अमिन
सदस्य सचिव श्री रामजी थापा, ईन्जिनियर

**निर्णय नं. १६** : आ.व. २०८१/०८२ का लागि सङ्घीय सरकार तथा बागमती प्रदेश सरकारमा समपुरक तथा विशेष अनुदान तर्फ प्राथमिकताका आधारमा तपसिल बमोजिम आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

सङ्घीय सरकार तर्फ :-

समपुरक अनुदानका लागि
क) झिगान - धोद्रे - भण्डारे सडक, भीनपा ९
ख) घ्यावापानी - सेरा - निगाले सडक, भीनपा ६, ७, ८ र ९

विशेष अनुदान तर्फ :-
क) रामेडाँडा - कुथली - डोक्थली सिंचाई, भीनपा १
ख) बाउनीखोला - कुप्री सिंचाई, भीनपा ७

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**बागमती प्रदेश सरकार तर्फ :-**

समपुरक अनुदानका लागि

क) पाटीखोला - उखुबारी - काउले सडक, भीनपा ६ र ७

ख) बालगृह - तिखातल सडक, भीनपा ४, ३ र २

विशेष अनुदान तर्फ :-

क) धारापानी सिंचाई, भीनपा ५

ख) कृषि उपज बजार पूर्वाधार निर्माण, भीनपा ३

निर्णय नं. १७ : भीमेश्वर नगरपालिका अन्तर्गत रहेको जल उपयोग व्यवस्थापन समितिको बैठकको सिफारिस अनुसार तपसिल बमोजिमको मुहानहरु दर्ता र मुहान थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

मुहान दर्ता :-

१) हिलेगौडा रोलकुना खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा १, सुष्पाक्षमावती

२) सानो दमार, भालु सुत्ने ओडार, छिन्केको कान्ला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा १, सुष्पाक्षमावती

थप मुहान दर्ता :-

१) तिखातल खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा २

निर्णय नं. १८ : यस नगरपालिकाको वडा नं ५ र ८ मा दैनिक ज्यालादारी (डोर हाजिरी)मा कार्यरत कार्यालय सहयोगीहरु २ जना (प्रकाश श्रेष्ठ र रोशन कार्की ) र सरसफाई केन्द्रमा कार्यरत सुपरभाईजर १ जना (कमल प्रसाद उपाध्याय) को म्याद २०८० पौष मसान्तमा समाप्त हुने भएकोले म्याद थपका लागि कार्यरत कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले तथा निजहरुको सेवा कार्यालयलाई आवश्यक रहेकोले २०८१ साल असार मसान्तसम्मका लागि साविक बमोजिमकै सेवा शर्त र सुविधा रहने गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १९ : यस कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०८० पौष मसान्तमा समाप्त हुने भएकोले म्याद थपका लागि निवेदन दिएका करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले तथा निजहरुको सेवा यस कार्यालयलाई आवश्यक रहेकोले २०८१ साल असार मसान्तसम्मका लागि साविक बमोजिमकै सेवा शर्त र सुविधा रहने गरी तपसिल बमोजिमका कर्मचारीहरुको करार अवधि थप गर्ने निर्णय गरियो ।

तपसिल

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठक
मिति : २०८०/०९/२०

| क्र.स. | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलब | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोषाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| १ | गौरव बस्नेत | इन्जिनियर | अधिकृतस्तर छैठौं | ४३,६८९ | - | - | ४३,६८९ | ४३,६८९ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २ | राजु नारायण श्रेष्ठ | सव इन्जिनियर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३ | विकास गौतम | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ४ | कविता वराइली | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ५ | हरिशरण दहाल | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ६ | चित्रवहादुर श्रेष्ठ | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ७ | अर्जुन बहादुर लामा | सा.प. | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | साविक जिल्ला विकास समिति, स्थानीय विकास कोषबाट हस्तान्तरण भई आएका कर्मचारीहरु |
| ८ | लिला बहादुर तमाङ | सा.प. | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ९ | प्रकाश सुबेदी | सा.प. | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १० | पार्वती श्रेष्ठ | सा.प. | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ११ | टिका प्रसाद जोशी | कम्प्यूटर अपरेटर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १२ | रविना खडका | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १३ | शान्तिबहादुर के.सी. | कार्यालय सहायक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १४ | निर्मला बस्नेत | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शङ्कर प्रसाद पाठक | नायब पशुसेवा प्राविधिक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १६ | नवराज दाहाल | नायब पशुसेवा प्राविधिक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु र संघीय हस्तान्तरित कार्यक्रम | पारिश्रमिक कर्मचारी ( करार सेवा) र कृषि तथा पशुसेवाका एक एक गाउं एक प्राविधिकको तलब भत्ता ६ महिनाको सोधभर्ना प्राप्त हुने | |
| १७ | सविना अधिकारी | अमिन | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १८ | शंकरबहादुर खत्री | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| १९ | श्यामकुमार खडका | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २० | देवराज कुशुले | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २१ | शान्त कुमार लामा | ब्याक हो लोडर | हेभि सवारी चलक, द्वितीय स्तर | ३३,३३९ | - | - | ३३,३३९ | ३३,३३९ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २२ | राजिव वि.क. | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २३ | रेखा लामा | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २४ | ओम प्रकाश राउत | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठक
मिति : २०८०/०९/२०

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | रमा न्यौपाने | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २६ | शिवशंकर बस्नेत | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २७ | कुमारी सार्की | कुचीकार | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २८ | ठूली तमाङ | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| २९ | इन्द्र बहादुर तमाङ | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३० | रमा सापकोटा | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३१ | मन्जु सुवेदी खत्री | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३२ | प्रेम बहादुर कार्की | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३३ | सावित्री थामी | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ३४ | करुणा थापा | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी ( करार सेवा) | |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठक

मिति : २०८०/०९/२०

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | सविता थापा खत्री | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३६ | सन्तमाया थामी | कार्यालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३७ | पुजा श्रेष्ठ | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) | स्थानीय तहको स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको तलब | |
| ३८ | साजनी तमाङ | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | | | |
| ३९ | प्रवित्रादेवी बास्तोला | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | | | |
| ४० | निर्मला विश्वकर्मा | अ.हे.ब. | सहायकस्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | | | |
| ४१ | अम्बिका घिसिङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | स्वास्थ्य, सहरी स्वास्थ्य केन्द्र सञ्चालन अनुदान कार्यक्रम | |
| ४२ | सरिता श्रेष्ठ | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४३ | सावित्री खडका | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४४ | गंगा थापा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४५ | मेनुका बुढाथोकी | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४६ | रुपा प्रधान | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४७ | पञ्जु तमाङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४८ | विन्दिया श्रेष्ठ | अ.न.मि. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४९ | सोममाया तमाङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५० | संगीता तमाङ | अ.न.मि. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५१ | सपना उप्रती | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५२ | सविना सापकोटा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५३ | सीता लामा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |

विशकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५४ | चिरन शिवाकोटी | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५५ | सुजन न्यौपाने | सहायक कम्प्युटर अपरेटर | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५६ | लक्ष्मी श्रेष्ठ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - ससर्त | साउनेपानी सहरी स्वस्थ्य केन्द्र सञ्चालन अनुदान जनशक्ति | |
| ५७ | विनितादेवी बस्नेत | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | | | |
| ५८ | रक्षा बस्नेत | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम र भीमेश्वर चालु | मातृ तथा नवशिशु कार्यक्रम | |
| ५९ | कविता ढुङ्गेल न्यौपाने | एम.आई.एस. अपरेटर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) र भीमेश्वर चालु | एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिक तथा चाडपर्व र पोसाक खर्च तथा पारिश्रमिक कर्मचारी ( करार सेवा) | |
| ६० | सुजन साही | फिल्ड सहायक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | | | |
| ६१ | डम्बर प्रसाद ओली | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | ४३,६८९ | १,२९० | - | ४४,९७९ | ४३,६८९ | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ६२ | रवी बस्नेत | रोजगार सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | - | ३५,६६० | ३४,७०० | - | | | |
| ६३ | रितु बराइली | केषि स्नातक | अधिकृतस्तर छैठौं | ४३,६८९ | - | - | ४३,६८९ | ४३,६८९ | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) | कृषि स्नातक करार | |

विशकरेल ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६४ | रेखा दर्जी | उद्यम विकास सहजकर्ता | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) | उद्यम विकास कार्यक्रम | |
| ६५ | शान्ता बस्नेत श्रेष्ठ | न्यायिक सहजकर्ता | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | प्रदेश सरकार कार्यक्रमको निरन्तरता |
| ६६ | मनिल दाहाल | पोषण स्वयम सेवक | - | २३,००० | ५०० | - | २३,५०० | २३,००० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदन) | बहुक्षेत्रीय पोषण कार्यक्रम | रु. ५०० सञ्चार सुविधा |
| ६७ | थिर बहादुर खड्का | नगर आपत्कालीन सेवा केन्द्र - स्वयम सेवक | - | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | रहात उद्दार तथा पुनर्स्थापना कार्यक्रम | |
| ६८ | पूर्ण बहादुर पाण्डे | सवारी चालक | - | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | | भीमेश्वर चालु | | |
| ६९ | काजी ओली | सवारी चालक | - | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | | भीमेश्वर चालु | सरसफाई सेवा शुल्क (सरसफाइ कर्मचारी पारिश्रमिक) | |
| ७० | अरुणा थापा | कार्यालय सहयोगी | - | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | | भीमेश्वर चालु | | |
| ७१ | गोपाल कुसुले | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७२ | गणेश बहादुर सार्की | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७३ | सुके थामी | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७४ | झलक बहादुर दमाई | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७५ | तारा वि.क. | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७६ | प्रेम बहादुर तमाङ | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७७ | तारा लामिछाने | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७८ | सुनिता थामी | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |
| ७९ | बिन्दा मुग्राती | कुचीकार | - | १७,८२५ | - | - | १७,८२५ | १७,८२५ | | भीमेश्वर चालु | | |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको १८ औं बैठकका निर्णयहरु
मिति : २०८०/०९/२०

निर्णय नं. १८ : विविध सम्वन्धमा :-

क) यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृतले राजीनामा दिई रिक्त हुन आएको हुँदा सूचना प्रविधि अधिकृत (IT Officer) को छनौट परीक्षाको कार्यविधि, २०७६ बमोजिम पदपूर्तिका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) यस कार्यालयमा विगत लामो समयदेखि सरसफाई कार्यमा कामकाज गर्दै आएका कुचिकार श्री गोपाल कुसुले कामको शिलशिलामा घाइते भई उपचारमा रहेको र हालसम्मको उपचार खर्च रु ६०,०००/- (साठ्ठी हजार) उपलव्ध गराईदिन निवेदन पेश भएकोले निजलाई औषधी उपचार वापत ब.सि.नं. ४ को औषधी उपचार खर्चबाट रु ३०,०००/- (तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिका वडा नं. ५ माटीमा मिति २०८० पौष १४ गतेबाट सन्चालन भएको युवा लक्षित वडा अध्यक्ष कप फुटबल प्रतियोगितालाई ब.सि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास कार्यक्रमबाट रु रु ५०,०००/- (पचास हजार) र ब.सि.नं. १२९ को लक्षित वर्ग क्षमता विकास तथा आयआर्जन कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार) गरी जम्मा रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

घ) वडा नं. ८ मा कार्यरत वडा सचिव शान्ति नेपाललाई यस कार्यालयको योजना तथा अनुगमन शाखामा कामकाज गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ङ) मिति २०८० कार्तिक १७ गते जाजरकोट र रुकुम पश्चिममा गएको विनासकारी भूकम्पका कारण भएको क्षति प्रति गहिरो सहानुभुती प्रकट गर्दै पिडितहरुको राहतका लागि यस नगरपालिकाको तर्फबाट ब.सि.नं. ५८ को अन्य संस्था सहायताबाट रु ३,००,०००/- (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो ।

च) यस नगरपालिका वडा नं. ३ सातदोवाटोस्थित सपिंग कम्प्लेक्सको कोसेली घरको सटर तथा रङ्गरोगन र रेलिंग समेतको कार्य गर्न ब.सि.नं. २६ को निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट प्राविधिक लागत ईष्टिमेट बमोजिमको रु ४,००,०००/- (चार लाख) खर्च गर्ने निर्णय गरियो ।

छ) भीमेश्वर नगरपालिका वडा नं. ७ कुप्रीमा महादेव मन्दिर निर्माण गर्न ब.सि.नं. १८५ को नगर पूर्वाधार निर्माण मर्मत एवम् स्तरोन्नति कार्यक्रमबाट रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ज) यस नगरपालिका वडा नं. ३ स्थित निर्माण भएको ८/८ कोठे २ वटा भवनहरु मध्ये उत्तर पूर्वतर्फ भवनको माथिल्लो २ (दुई) सटर र सडक सतहमा १ (एक) सटर लामाचौर सामुदायिक वन उपभोक्ता समितिलाई र सोही भवनको माथिल्लो २ (दुई) सटर र सडक सतहमा १ (एक) सटर कृषि उपज बजार सन्चालन गर्न कृषि उपज बजार संचालक समितिलाई उपलव्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

झ) यस नगरपालिका वडा नं ४ का आगोलागी पिडितहरुलाई पुतली श्रेष्ठ र उना लक्ष्मी नगरकोटीलाई ब.सि.नं. ५९ को विपन्न नागरिक आर्थिक सहायता कार्यक्रमबाट प्रति परिवार रु पाँच हजारका दरले राहत उपलव्ध गराउने निर्णय गरियो ।

ञ) भीमेश्वर नगरपालिका वडा नं.४ जिलु स्थित डिही फसिभै एकिकृत बस्तीको फसिभै खण्डको निर्माणका क्रममा बस्तीको बाउन्ड्री वाल निर्माण गर्दा खेतमा गएको पहिरो नियन्त्रण गरी सिंचाई सुचारु गर्ने कार्यका लागि आवश्यक १५० थान ग्याविन जाली सहित जाली भर्ने व्यवस्था मिलाई दिन जलस्रोत तथा डिभिजन सिंचाई कार्यालय, दोलखामा अनुरोध गर्ने निर्णय गरियो ।

ट) चरिकोट टुडिखेल/ भीमेश्वर रङ्गशालाको सडक तर्फका कोठाहरुमा सटरहरु नभएको हुँदा सटर तथा रङ्गरोगन गर्ने कार्यका लागि प्रदेश समपुरक सडक पूर्वाधार ठेक्काबाट बचत हुन आएको रकमबाट प्राविधिक लागत ईष्टिमेट बमोजिमको रु २६,००,०००/- (छब्बिस लाख) विनियोजन गर्ने र खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ठ) भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित सिमपानी सामुदायिक वन क्षेत्रमा नगरपालिकाद्वारा सरसफाई केन्द्र स्थापना तथा सन्चालन गर्ने सम्वन्धमा भएको सम्झौता बमोजिम सिमपानी सामुदायिक भवनको मर्मत सम्भार गर्न चालु आ.व.को स्वीकृत कार्यक्रम ब.सि.नं. १८४ को लागत साझेदारीमा शहरी पूर्वाधार निर्माण कार्यक्रमबाट रु ३,००,०००/- (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ड) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित ब्याडमिन्टन हल कभर्ड हल भित्र रहेको ३ वटा ब्याडमिन्टन कोर्टमा रङरोगन तथा मर्मत कार्यका लागि दोलखा जिल्ला ब्याडमिन्टन संघ, दोलखालाई ब.सि.नं. १६९ को सामाजिक तथा आर्थिक विकास कार्यक्रमबाट रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ढ) भीमेश्वर नगरपालिकामा सन्चालन हुने विभिन्न कार्यक्रममा पाल्नुहुने अतिथिहरुको स्वागतार्थ चरिकोटमा स्थायी प्रकृतिको फलामे स्वागत गेट निर्माणका लागि अधिकतम् रकम रु १,५०,०००/- (एक लाख पचास हजार) ब.सि.नं. १९ को सार्वजनिक उपयोगिताको सेवा खर्चबाट उपलव्ध गराउने र प्राविधिक लागत अनुमान तयार गरी निर्माण गर्ने निर्णय गरियो ।

ण) पशुपति चौलागाईं स्मृति अस्पतालमा उपचारको क्रममा भर्ना हुने बिरामीहरुका लागि प्रयोग हुने सिरक, ब्ल्यांकेट र सिरानीमा खोलको व्यवस्थाका लागि यस नगरपालिकामा अनुरोध भई आएकोले उक्त अस्पताललाई ब.सि.नं. ५८ को अन्य संस्था सहायताबाट कार्यक्रमबाट रु ३०,०००/- (तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दोलखा
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३